म.जि.प्र.का दर्ता नः
१०४/०६७/०६८

हेटौंडा, मकवानपुर

म.जि.हु.का.द.नं.
३०/०६९/०७०

बागमती प्रदेशको राजधानी हेटौंडाबाट प्रकाशित लोकप्रिय 'क' वर्गको समाचारपत्र

# समृद्ध समाज

SAMRIDDHA SAMAJ NATIONAL DAILY राष्ट्रिय दैनिक

वर्ष:१५ अङ्क:- २४९ २०८१ साउन १७ गते बिहीबार 1 August 2024, Friday - पृष्ठ ४ मूल्य रु. ५/-

## बारा प्रहरीद्वारा ६५ लाख रुपैयाँको अवैध सामान बरामद

हेटौंडाः बारा प्रहरीले करिब ६५ लाख रुपैयाँ बराबरको अवैध सामान नियन्त्रणमा लिएको छ। मंगलबार राति ११ बजेको समयमा प्रहरीले ६५ लाख रुपैयाँ बराबरको अवैध सामान नियन्त्रणमा लिएको जिल्ला प्रहरी कार्यालय बाराले जानकारी दिएको छ। इलाका प्रहरी कार्यालय बाराका प्रहरी नायब निरीक्षक त्रिभुवनलाल साहको कमाण्डमा खटिएको प्रहरी टोलीले अवैध सामान बरामद गरेको हो । जीतपुर सिमरा उपमहानगरपालिका वडा-२१, अमलेखगञ्जबाट प्रहरीले ६४ लाख ५८ हजार २ सय ७४ रुपैयाँ बराबरको स्रोत नखुलेको इलेक्ट्रोनिक गुड, लिपिष्टिक र वाइरिङको सामानहरु नियन्त्रणमा लिएको बारा प्रहरी कार्यालयले जनाएको छ। प्रहरीले ट्रकलाई नियन्त्रणमा लिएर आवश्यक कारबाहीका लागि राजश्व अनुसन्धान कार्यालय पथलैया बारा पठाइएको छ।

# विपद् प्रभावित सडक सञ्चालन गर्न 'क्यूआरटी'



*द्रुत प्रतिकार्य टोली (क्यूआरटी) का सदस्यलाई हेलमेट लगाउनुहुँदै मन्त्री अमन कुमार मास्के ।*

समाज संवाददाता

हेटौंडाः बागमती प्रदेशको भौतिक पूर्वाधार विकास मन्त्रालयले विपद्बाट प्रभावित सडक शिघ्र सञ्चालनका तथा क्षति न्यूनीकरणका लागि द्रुत प्रतिकार्य टोली (क्यूआरटी) गठन गरेको छ। बुधबार एक समारोहका बीच मन्त्रालयले विपद् प्रभावित सडकहरुको अवस्था सुधार गर्ने तथा नागरिकहरुको यात्रा सहज बनाउन क्यूआरटी गठन गरी कार्य प्रारम्भ गरेको हो।

प्रदेशको १३ जिल्लामा पहिचान भएको प्रादेशिक सडकहरुमा भएका विपद्का घटनाबाट सडक पूर्वाधारको क्षति विवरण संकलन, न्यूनीकरण तथा प्रतिकार्य लगायतका काम क्यूआरटीले गर्ने मन्त्रालयका सचिव अमृत श्रेष्ठले जानकारी दिनुभयो । उहाँका अनुसार क्यूआरटीको संयोजकमा यातायात पूर्वाधार निर्देशनालय, हेटौंडाका निर्देशक पुस्कर प्रसाद पोखरेल रहनुभएको छ। क्यूआरटीको सदस्यमा मन्त्रालयका महाशाखा प्रमुख सिनियर डिभिजनल इन्जिनियर सुजन भण्डारी, मन्त्रालयका विपद् फोकल पर्सन ज्यानेन्द्र प्रसाद पुन, यातायात पूर्वाधार निर्देशनालयको निर्देशकले तोकेको अधिकृतस्तरको प्रतिनिधि हरिप्रसाद ओभ्का र सम्बन्धित जिल्लाको पूर्वाधार विकास कार्यालयका प्रमुख रहनु हुनेछ ।

टिमले अवरुद्ध भएका मुख्य प्रादेशिक सडकहरुको पहिचान गर्ने कार्य निरन्तर गर्ने, सूचना सम्प्रेषण गर्ने, वैकल्पिक मार्ग पहिचान गर्ने, आकस्मिक रुपमा अवरुद्ध सडकहरु यथाशीघ्र सुचारु गर्ने, अन्तर निकाय समन्वय गर्नेछ भने कार्यालयगत रुपमा आकस्मिक मर्मत सम्भार शीर्षकमा विनियोजित बजेटबाट स्रोत व्यवस्थापन गर्ने र प्रचलित कानूनको अधिनमा रही टोली स्वयम्बाट निर्धारित अन्य कार्यक्षेत्रगत शर्तहरुको कार्यान्वयन गर्नेछ ।

क्यूआरटी कार्य प्रारम्भ गर्नुहुँदै प्रदेशका भौतिक पूर्वाधार विकास मन्त्री अमन कुमार मास्केले जनसरोकारका सवालमा प्रदेश सरकार उत्तरदायी र जिम्मेवार ढंगबाट अघि बढेको बताउनुभयो । विगतमा हुँदै आएको प्रक्रियागत कामलाई प्राथमिकीकरण गरेर जवाफदेही र उत्तर दायी ढंगबाट अघि बढाउने प्रयत्न मन्त्रालयले गरेको उहाँले स्पष्ट पार्नुभयो ।

जनउत्तरदायी भूमिकाले काम गर्न मन्त्रालयले क्यूआरटी गठन गरेको उहाँको भनाई छ। प्रदेश सरकारले आम सरोकारका विषयमा स-साना काम प्रभावकारी ढंगबाट गर्न सके मात्र जनतालाई डेलिभरी दिन सकिने उहाँले बताउनुभयो । उहाँका अनुसार विशेषगरी क्यूआरटीले प्रदेश सडक गुरुयोजना (पिआरटीएमटी) मा रहेका २५० सडक आयोजनाको अवस्था, विपद् जोखिम र क्षतिका विषयमा अध्ययन, अनुसन्धान तथा प्रतिकार्यका लागि काम गर्नेछ ।

मन्त्रालयले विगतमा सुरु गरेका र हाल बन्द अवस्थामा रहेका आयोजनाहरुको अध्ययन गरेर निश्कर्षमा पुऱ्याउने गरी पहल गरेको मन्त्री मास्केले बताउनुभयो । उहाँले रुग्ण आयोजनाहरुलाई अध्ययन गरेर पूर्णता दिने गरी अध्ययन टोली खटाएर यही साउन २४ गते प्रतिवेदन पेश गर्न निर्देशन दिइएको जानकारी दिनुभयो ।

## बागमती प्रदेशसभाबाट विधेयक पारित

# प्रतिपक्षीको न्यून उपस्थिति



*प्रतिपक्ष दलका प्रदेश सभा सदस्यको न्यून उपस्थितिका कारण खाली कुर्सीहरु ।*

समाज संवाददाता

हेटौंडाः बागमती प्रदेशसभा बैठकले विज्ञान प्रविधि नवप्रवर्तन तथा विकास कोष सम्बन्धमा व्यवस्था गर्न बनको विधेयक पारित गरेको छ। बुधबार बसेको प्रदेशसभा बैठकले उक्त विधेयक सर्वसम्मत पारित गरेको हो ।

प्रदेशसभामा सामाजिक विकास मन्त्री हरिप्रभा खड्गीले पेश गर्नुभएको विधेयक पारित गरियोस् भन्ने प्रस्तावलाई सभामुख भुवन कुमार पाठकले निर्णायार्थ पेश गर्नुभएको थियो । सभामुख पाठकले निर्णायार्थ पेश गर्नुभएको विधेयकलाई बैठकमा उपस्थित प्रदेश सभा सदस्यहरुले सर्वसम्मत स्वीकृत गरेका छन्। विधेयक प्रदेश सभाबाट पारित भएसँगै ऐनको रुप प्रदान गर्न प्रदेश प्रमुख समक्ष प्रमाणीकरणका लागि पठाउने प्रदेश सभा सचिवालयले तयारी गरेको छ ।

त्यसअघि प्रदेशसभा बैठकले उक्त विधेयक माथि छलफल गरी शिक्षा स्वास्थ्य तथा कृषि समितिले तयार पारेको निर्णय सहितको प्रतिवेदन पेश भएको थियो भने सो उपर छलफल भएको थियो। प्रदेश सभा बैठकमा मन्त्री खड्गीले पेश गर्नुभएको विधेयकको निर्णय सहितको प्रतिवेदन माथि कुनैपनि सदस्यले छलफलमा भाग लिएनन् । सभामुख पाठकले ३ मिनेटको समय निर्धारण गरी छलफलमा सहभागी हुन रुलिङ गरेपनि प्रदेशसभाका कुनै सदस्यले छलफल गर्न चाहेनन्। सदस्यहरुले छलफलमा भाग नलिएपछि सभामुख पाठकले विधेयकलाई पारित गर्ने प्रक्रियामा अघि बढाएका थिए ।

दिउँसो १ बजेका लागि आह्वान गरिएको बैठक एक घण्टा ढिलो गरी सुरु भएको थियो । प्रदेशसभा बैठकमा सत्तापक्षको बेञ्च भरिभराउ थिए भने प्रतिपक्षको उपस्थिति न्यून रहेको थियो । ११० सदस्यीय प्रदेशसभामा प्रमुख प्रतिपक्षी दल माओवादी केन्द्रका प्रदेश सभा सदस्यको उपस्थिति न्यून रहेको थियो । प्रतिपक्षमा पुगेको माओवादी केन्द्रले सरकार परिवर्तन पछिको दोस्रो बैठक नै छाडेका हुन् । मंगलबार मुख्यमन्त्री बहादुर सिंह लामाको विश्वासको मत सम्बन्धी प्रस्ताव माथिको छलफलमा माओवादी केन्द्रकी राधिका तामाङ बाहेक अन्य सबै सदस्य उपस्थित थिए ।

बुधबारको बैठकमा प्रतिपक्षको बेञ्चमा रहेको माओवादीका २१ सदस्य मध्ये ८ जनाको उपस्थिति रहेको थियो । बैठकमा दलका प्रमुख सचेतक रत्न ढकाल, भुवन केशरी श्रेष्ठ, मातृका भट्टराई, ठाकुर प्रसाद ढकाल, उर्मिला लामा, रुकु चौलागाई, देवेन्द्र श्रेष्ठ र इश्वर सापकोटा उपस्थित हुनुहुन्थ्यो ।

यता राप्रपाका १३ सदस्य मध्ये दलको नेता उद्धव थापा, आशा लामा, नुरज बज्राचार्य, डम्बर तामाङ, लक्ष्मी घिमिरे र धनेश्वरी प्रजापति उपस्थित हुनुहुन्थ्यो । अन्य ६ जना सदस्य भने बैठकमा उपस्थित थिएनन्। उता प्रतिपक्ष दल एकीकृत समाजवादीबाट एकजना उपस्थित भएका थिए । सो दलबाट रमा आले मगर उपस्थित हुनुहुन्थ्यो भने नेमकिपा र हाम्रो नेपाली पार्टीबाट बैठकमा एकजना पनि सहभागी थिएनन्। बैठकमा एमालेका २७ र कांग्रेसका ३७ सदस्य उपस्थित थिए ।

# प्रदेश लोकसेवा आयोगको अध्यक्ष नियुक्त गर्न समितिको निर्देशन



*प्रदेश मामिला समितिको बैठकमा सहभागीहरु ।*

समाज संवाददाता

हेटौंडाः बागमती प्रदेशको प्रदेश मामिला समितिले सरकारलाई ३ विषयमा निर्णयसहित निर्देशन दिएको छ। बुधबार बसेको प्रदेश मामिला समितिको बैठकले प्रदेश लोकसेवा आयोगसँग सम्बन्धित २ र विपद् व्यवस्थापनसँग सम्बन्धित एक निर्णयसहित सरकारलाई निर्देशन दिएको हो।

सभापति छिरिङ दोर्जे लामाको अध्यक्षतामा बसेको प्रदेश मामिला समितिको बैठकले सरकारलाई गम्भिर ताका साथ समितिले गरेका निर्णयहरु कार्यान्वयन गर्न निर्देशन दिएको हो । बैठकले प्रदेश लोकसेवा आयोगको अध्यक्ष तत्काल नियुक्त गर्न निर्देशन गरेको हो । आयोगको अध्यक्ष नियुक्त नहुँदा कर्मचारी व्यवस्थापन तथा नियुक्ति र बढुवा प्रक्रिया समेत प्रभावित भएकाले तत्काल अध्यक्ष नियुक्त गर्न बैठकले निर्देशन दिएको हो ।

६ महिनादेखि प्रदेश लोकसेवा आयोग अध्यक्षविहीन अवस्थामा रहेको थियो। तत्कालिन अध्यक्ष सुरेशमान श्रेष्ठको उमेर हदका कारण अवकाश भएकाले आयोगको अध्यक्ष पद रिक्त रहेको छ । राजनीतिक दाउपेचका कारण आयोगको अध्यक्ष नियुक्ति हुन सकिरहेको थिएन ।

त्यस्तै बैठकले निजामती ऐनको समयानुकुल संशोधन गर्न निर्देशन दिएको छ। बैठकले संघीय निजामती सेवा ऐन, प्रदेश निजामती सेवा ऐन २०७९ र स्थानीय तहको सेवा (गठन तथा संचालन) ऐन २०७९ का विभिन्न दफाहरु आपसमा बाझिएको र अस्पष्टताका कारण समस्या भएकाले आवश्यक संशोधनका लागि अध्ययन गरी विधेयक मार्फत् प्रदेश सभामा पेश गर्न सरकारलाई निर्देशन दिएको छ।

बैठकले विपद् व्यवस्थापनमा गम्भिर हुन र समितिले तयार गरेका अध्ययन अनुसन्धानका प्रतिवेदन तथा सुझावहरुलाई गम्भिरताका साथ कार्यान्वयन गर्न निर्देशन दिएको छ । बैठकले विपद् व्यवस्थापन सम्बन्धी कानुनमा त्रुटि देखिएको केही दफाहरु परिमार्जन गर्न विधेयक प्रदेश सभामा पेश गर्न निर्देशन दिएको हो । कानुनी समस्याका कारण विपद् व्यवस्थापनमा प्रदेश सरकारको योजनाहरु कार्यान्वयनमा बाधा परेको बैठकको निश्कर्ष थियो ।

हाम्रो सुमो सेवाको

नयाँ प्रस्तुती...



छिट्टै सञ्चालनमा आउँदै ।



Electric Van
विद्युतीय भ्यानमा यात्रु सेवा



२०६८ सालदेखि हेटौंडामा स्थापना भएर यात्रुहरुलाई आरामदायी र भरपर्दो सुमो सेवा सञ्चालन गर्दै आएको यस कम्पनिले अब विद्युतीय सवारीसाधन (Elecric Van (EV) मा गुणस्तरी सेवा शुभारम्भ गर्न लागेको सगौरव जानकारी गराउँदछौं ।

हेटौंडा-काठमाडौं-हेटौंडा हेटौंडा-बीरगन्ज-हेटौंडा

साथै यस कम्पनिद्वारा सञ्चालित EV, साझा बस, स्कार्पियो तथा सुमो जीप भाडामा चाहिएमा सम्पर्क गर्नुहोला ।

भेष खड्गी, सञ्चालक

हाम्रो सुवो सेवा

हेटौंडा-४, मेनरोड (बलराम दास एण्ड सन्स पेट्रोल पम्प नजिकै)

९८४५४-५७५०७, ९८५५०६८८७३

## सम्पादकीय

# आत्महत्या रोकथाम चुनौतीपूर्ण

आफूले आफैंलाई मार्नु आत्महत्या हो । मानिस आफैंले कुनै प्रयत्न गरेर आफैंलाई समाप्त गर्नु वा जानीजानी आफैं मर्नु आत्महत्या हो । आत्महत्या शब्द आत्म+हत्या मिलेर बनेको हो । आत्मको अर्थ स्वयम् अर्थात् आफैं र हत्याको अर्थ खत्तम अर्थात् समाप्त हो । यसरी आफैं समाप्त हुनुलाई नै आत्महत्या भनिन्छ । जब मानिसले आफू कुनै जटिल समस्यामा परेको अनुभूति गर्दछ र सो समस्या समाधानका कुनै उपाय देख्दैन, त्यतिबेला उसले आत्महत्याको बाटो रोज्नसक्छ । आत्महत्याका अनेकौं कारणहरु हुन्छन् । धेरै दिक्दारी लाग्नु, जीवनमा बढी उतार–चढाव आउनु, आफूलाई एकदमै दयनीय अवस्थाको ठान्नु, जीवनप्रति रुचि नहुनु, भविश्यप्रति कुनै आशा नलाग्नुजस्ता उदासिनताले आत्महत्यालाई बढावा दिने गर्दछ । यस्तै, बढी मद्यपान तथा लागूऔषध सेवन गर्नु, दीर्घ रोगबाट ग्रस्त हुनु, जटिल मानसिक स्वास्थ्यसम्बन्धी समस्या आउनु, वैवाहिक जीवन सफल नहुनु, लामो सयम बेरोजगार हुनु, विभिन्न सामाजिक लाञ्छनाको सामना गर्नु पनि आत्महत्याका कारण हुन् ।

नेपाल प्रहरीको आत्महत्या न्यूनीकरण तथा व्यवस्थापनसम्बन्धी अध्ययन प्रतिवेदन २०८१ अनुसार नेपालमा आर्थिक वर्ष २०७८/०७९ मा ६ हजार ७९२ जना र आर्थिक वर्ष २०७९/०८० मा ६ हजार ९७४ जनाले आत्महत्या गरेका छन् । प्रहरीको अध्ययन प्रतिवेदनअनुसार प्रदेशगत आधारमा सबैभन्दा बढी आत्महत्या गर्ने कोशी प्रदेशका छन् भने सबैभन्दा कम कर्णाली प्रदेशका छन् । बागमती प्रदेशमा आत्महत्या गर्ने संख्याको आधारमा कोशीभन्दा केही कममात्र छ । आत्महत्या गर्नेमध्ये ६० प्रतिशत पुरुष र ४० प्रतिशत महिला छन् । आत्महत्या गर्नेमा १० देखि २५ वर्षसम्मका बालिका वा महिला बढी छन् भने २५ वर्षभन्दा बढी उमेरका पुरुष बढी छन् । आत्महत्या गर्नेमध्ये १५ प्रतिशत १०–१८ वर्ष र २१ प्रतिशत १८–२५ वर्ष उमेर समूहका छन् । आत्महत्या गर्ने जातिगत समूहमा सबैभन्दा बढी ३९ प्रतिशत आदिवासी जनजाति छन् । आत्महत्या गर्नेहरुमा ६३ प्रतिशतभन्दा बढी निरक्षर वा साधारण लेखपढ गरेका छन् । ८३.५ प्रतिशतले झुण्डिएर एवम् १५ प्रतिशतले विष सेवन गरेर आत्महत्या गरेका छन् । ७१ प्रतिशतले आफ्नै घरभित्र आत्महत्या गर्ने गरेको प्रहरीको अध्ययन प्रतिवेदनमा उल्लेख छ ।

जिल्ला प्रहरी कार्यालय मकवानपुरको तथ्याङ्कअनुसार विगत तीन वर्षमा मकवानपुर जिल्लामा ४२३ जनाले आत्महत्या गरेका छन् । जसमा २५६ जना पुरुष, १३२ जना महिला, ३५ जना बालबालिका छन् । मकवानपुरमा गत आर्थिक वर्ष २०८०/०८१ मा १४४ जनाले आत्महत्या गरेका छन् । आर्थिक वर्ष २०७९/०८० मा १५४ र आर्थिक वर्ष २०७८/०७९ मा १२५ जनाले आत्महत्या गरेका छन् । विश्वमा वार्षिक करिब ८ लाख ५० हजार मानिसको मृत्युको कारण आत्महत्या हुने गर्दछ भने नेपालमा आत्महत्याबाट वार्षिक करिब ७ हजारले ज्यान गुमाउने गरेका छन् । विश्वमा सरदर ३७ सेकेण्डमा एक जनाले आत्महत्या गर्ने र नेपालमा प्रत्येक घण्टा एक जनाले आत्महत्या गर्ने गरेको पाइन्छ ।

विश्वभर र नेपालमा मात्र होइन, मकवानपुर जिल्लामा पनि आत्महत्या चुनौतीपूर्ण बन्दै गएको छ । कुनै पनि व्यक्तिले आत्महत्या गर्ने अवस्था आउनुलाई स्वभाविक मान्न सकिँदैन । चुनौतीपूर्ण बनेको आत्महत्या न्यूनीकरण तथा रोकथामका लागि समयमै उपयुक्त कदम चाल्न आवश्यक छ । प्रहरीको आत्महत्या न्यूनीकरण तथा व्यवस्थापनसम्बन्धी अध्ययन प्रतिवेदन २०८१ ले सबैभन्दा बढी आत्महत्या गर्ने कारणमा मानसिक रोग (३९ प्रतिशत) र मानसिक तनाव (२८ प्रतिशत) देखाएको छ । यस्तै, प्रेमसम्बन्धी कारण र आर्थिक समस्याबाट ८–८ प्रतिशतले आत्महत्या गरेका छन् भने दीर्घरोगका कारण ७ प्रतिशत, लागूपदार्थ सेवनका कारण ५ प्रतिशत र मादक पदार्थ सेवनका कारण ३ प्रतिशतले आत्महत्या गरेका छन् । करिब दुई तिहाइले आत्महत्या गर्नुको कारण मानसिक रोग र तनाव रहेको हुँदा आत्महत्या रोकथामका लागि मानसिक स्वास्थ्यको पहुँचमा सुधार गरी सचेतना र परामर्श सेवा वृद्धि गर्नु अपरिहार्य बनेको छ ।

## महत्वपूर्ण फोन नम्बरहरु

| | |
|---|---|
| जिल्ला प्रशासन कार्यालय ५२०४९५ | चित्लाङ इलाका ६२१००० |
| जिल्ला प्रहरी कन्ट्रोल १०० | वारुण यन्त्र १०१ |
| ट्राफिक प्रहरी १०३ | बालबालिका खोजतलास केन्द्र १०४ |
| वडा प्रहरी ५२०२९९ | बाल हेल्पलाइन १०९८ |
| पशुपतिनगर इलाका ५२०५९८ | हेलो सरकार ११११ |
| मनहरी इलाका ९८५५०९०१६१ | नेपाल टेलिकम सोधपुछ १९७ |
| भीमफेदी इलाका ६९१४६२ | एम्बुलेन्स १०२ |
| पालुङ इलाका ६२०४६७ | नेपाल विद्युत प्राधिकरण गुनासो ११५० |
| फापरबारी इलाका ६२१९८० | |



## तपाईको राशिफल

पं. ज्योतिषः तोयानाथ सुवेदी
ॐ तुलसी मेडिकल हल, हेटौंडा-८, कमाने
सम्पर्क : ९७४५०२८५५५

**मेष** : विभिन्न क्षेत्रबाट मान सम्मान प्राप्त हुने योग छ ।
**वृष** : घर–व्यवहारका काममा खर्च बढ्ने समय योग छ ।
**मिथुन** : साहित्यिक र बौद्धिक लेखन कार्यमा सरिक भइने छ ।
**कर्कट** : काममा ढिलासुस्ती र दौडधूप बढ्न सक्ला ।
**सिंह** : काममा सोचे जस्तै सफलता प्राप्त हुने योग छ ।
**कन्या** : जग्गा जमिन सम्बन्धि कारोबारमा समय बित्ला ।
**तुला** : बौद्धिक र प्राज्ञिक क्षेत्रबाट ला प्राप्त होला ।
**वृश्चिक** : वैदेशिक प्रयोजनका कामबाट लाभ प्राप्त होला ।
**धनु** : आर्थिक स्तरमा वृद्धि हुने समय योग छ ।
**मकर** : सानो प्रयासले रोकिएका कामहरु बन्ने योग छ ।
**कुम्भ** : कर्मक्षेत्रमा गरिएका प्रयासहरु सफल होलान् ।
**मीन** : धार्मिक तथा दार्शनिक विषयमा मन जाला ।

# सरकारको प्रतिबद्धता र समृद्धिको सपना



रत्न प्रजापति

सत्तापक्षी नेताहरूको कुरा सुन्दा देश विकास र समृद्धिको शिखरमा पुग्नै लागेको अथवा अब छिट्टै पुग्नेजस्तो लाग्छ। प्रतिपक्षी नेताहरूका कुरा सुन्दा देश प्रतिगमनतर्फ उन्मुख भएजस्तो लाग्छ । सत्तापक्षी नेताहरूका भाषण सुन्दा नेपाली जनता गरिबी र अभावबाट मुक्त भइसकेझैँ लाग्छ । तर, स्थिति त्यसको उल्टो छ । जनता अझै पनि गरिबी र अभावमा पिल्सिएकै छन् । नेताहरूको भाषणमा मात्रै सीमित छ विकास र समृद्धि ।

सरकार फेरिएपिच्छे अथवा नयाँ सरकार बनेपिच्छे सरकारमा बस्नेहरुले विकास र समृद्धिका सपना बाँड्नु नयाँ र नौलो कुरा होइन। नवगठित कांग्रेस-एमाले नयाँ गठबन्धनको सरकारले पनि विकास र समृद्धिको सपना बाँड्न भ्याइसकेको छ। जे कुरामा पनि 'सरकार प्रतिबद्ध छ' भन्ने तयारी उत्तर दिएर प्रश्नकर्तालाई थामथुम पार्ने कला देशका प्रधानमन्त्रीमा छ, मन्त्रीहरूमा छ र नेताहरूमा छ । साउन ७ गतेको संसद् बैठकमा प्रश्नोत्तरका क्रममा सांसदहरुको धेरैवटा प्रश्नमा प्रधानमन्त्रीले 'सरकार प्रतिबद्ध छ' भनेर उत्तर दिए । यसो त सरकारका हरेक नीति तथा कार्यक्रम र बजेटमा पनि यसो गरिनेछ र उसो गरिनेछ भनेर आफ्नो प्रतिबद्धता र आश्वासनले जनतालाई आश्वस्त पार्ने प्रयास हरेक सरकारले गर्दै नै आएको छ। सरकारमा रहुन्जेल विकास र समृद्धिका सपना बाँड्छन्, तर सपना पूरा हुने कामचाहिँ केही गर्दैनन् । बरु सरकारबाट हटेर प्रतिपक्षमा पुग्नेबित्तिकै फेरि सरकारको आलोचनाचाहिँ गर्न थाल्छन्। यो पुरानै परिपाटी हो ।

असार १७ गते मध्यरातमा नेपाली कांग्रेस र नेकपा एमालेबीच भएको ७ बुँदे सहमतिमा पनि 'आमजनताको चाहनाबमोजिम राष्ट्रिय हितको रक्षा गर्न, भ्रष्टाचार नियन्त्रण गरी मुलुकमा सुशासन कायम गर्न, राष्ट्रको विकास निर्माण अभियानलाई तीव्रता दिन, राजनीतिक स्थिरताका लागि अन्य राजनीतिक दललाई समेत सहभागी गराई संविधानको धारा ७६ को उपधारा २ अन्तर्गत राष्ट्रिय सहमतिको सरकार निर्माण गर्ने' सहमति भएको उल्लेख गरिएको छ । यसैगरी अर्थतन्त्रमा विद्यमान शिथिलतालाई विश्वसनीय व्यावसायिक वातावरण तयार गरी आर्थिक गतिविधिलाई चलायमान बनाउने, बाह्य लगानीलाई प्रोत्साहित गरी मुलुकभित्र पर्याप्त र मर्यादित लगानी सिर्जना गर्ने तथा राष्ट्रिय हितको रक्षा गर्न भ्रष्टाचार नियन्त्रण गरी मुलुकमा सुशासन कायम गर्न र राष्ट्रको विकास निर्माणको अभियानलाई तीव्रता दिन नेपाली कांग्रेस र नेकपा एमालेबीच सहमति गरिएको पनि उल्लेख गरिएको छ। यसरी जहाँ र जहिले पनि सरकारले जनताका लागि भनेर धेरै पटक धेरै राजनीतिक दलसँग सहमति गर्ने र धेरै धरी प्रतिबद्धता व्यक्त गर्ने गरिएको छ । तर, त्यस्ता सहमति र प्रतिबद्धता पूरा गर्न सरकार सधैँ चुक्दै आएको छ।

सरकारले आफ्नो प्रतिबद्धता पूरा गरेको भए जनताले गरिब भएर बाँच्नु पर्दैनथ्यो । अभावैअभाव झेलेर बाँच्नु पर्दैनथ्यो । ऊर्जाशील युवा बेरोजगार हुँदैनथे । बेरोजगारीले रन्थनिएर अन्ततः कामकै खोजीमा खाडीतिर भासिनु पर्दैनथ्यो। आफ्नै देशमा आफ्नो भविष्य खोज्थे । आफ्नै देशमा सपनाको संसार सजाउँथे र रमाएर बाँच्थे। दिनहुं त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलमा बिदेसिनेको लर्को लाग्दैनथ्यो र परिवारको रुवावासी हुँदैनथ्यो। 'जिन्दगी चल्न त चल्या'छ पिरैपिरमा छ' भनेर युवाले निराशाको गीत गाउनु पर्दैनथ्यो । देश रेमिटेन्ससमा निर्भर हुनु पर्दैनथ्यो । स्वदेशी उत्पादनले आत्मनिर्भर बनाउँथ्यो । देशको अर्थतन्त्र सधैँ जोखिममा पर्दैनथ्यो। सरकारले यसो गरेन र उसो गरेन भनेर जनताले निराशा र असन्तुष्टि व्यक्त गर्नु पर्दैनथ्यो। सरकारको विरोध गर्नु पर्दैनथ्यो। सत्ताको विरोध गर्नु पर्दैनथ्यो। पटक-पटक सरकारको विकल्प पनि खोज्नु पर्दैनथ्यो।

सरकार र राजनीतिक दलहरूबाट विकास र समृद्धिका सपना धेरै बाँडिन्छन्, तर विकास हुँदैन र समृद्धि पनि हासिल हुँदैन । विकास र समृद्धि बोलेर आउने पनि होइन, काम गरेर मात्रै आउने हो। हाम्रा नेताहरू बोल्छन् धेरै, तर काम गर्छन् थोरै। थोरै कामले विकास र समृद्धि सम्भव हुँदैन । विकसित मुलुकहरूले कुरा थोरै र काम धेरै गरेर विकास र समृद्धि हासिल गरेको यथार्थलाई हाम्रा नेताहरूले मनन गर्न सकेका छैनन् । नेपालका राजनीतिक दलका नेताहरूले विकास र समृद्धिमा उदाहरण बनेका महाथिर मुहम्मद र ली क्वान यूजस्ता नेताको सोच, विचार र कार्यशैलीको अनुसरण गर्न सकेका छैनन् । त्यसैले विकसित बन्ने र समृद्ध बन्ने नेपाली जनताको सपना सधैं सपनामै सीमित बन्दै आएको छ। बरु नेपाली जनतालाई विकास र समृद्धि दिने निहुँमा तथ्यांकलाई नै आफूअनुकूल व्याख्या गरेर जनतालाई छक्याउने काम पनि सरकार अथवा सरकार पक्षका राजनीतिक दलहरूबाट हुँदै आएको छ। यस्तो बेइमानी र छलकपटले नेपाली जनताको विकास र समृद्धिको सपना पूरा हुन सक्दैन भन्ने कुरामा सरकार स्वयं जिम्मेवार रुपमा प्रस्तुत हुन सकेको छैन ।

विकास र समृद्धिका लागि दूरदर्शी नीति तथा योजनाहरूको आवश्यकता पर्छ। तर, विगतमा राम्रा भनिएका धेरै नीति र योजनाहरु कहिले स्रोतको अभावलाई कारण देखाएर त कहिले साधनको अभावलाई कारण देखाएर मन्त्रालय, विभाग र योजना आयोगका दराजहरुमा थन्काइए। गाउँगाउँमा विकास र समृद्धि पर्खेर बसेका जनतालाई हरेक पटक भाषण र आश्वासन मात्रैले टार्ने मन्त्री र नेताहरु आफ्नो कर्तव्य-निर्वाहमा सधैं चुक्दै आए । आफ्नो कार्यकाल कुनै काम नगरी कुरै मात्र गरेर पूरा गरे पनि कामको लेखाजोखा नै नहुने परिपाटीले गर्दा कुनै पनि जिम्मेवार व्यक्तिले आफ्नो जिम्मेवारीबोध गर्ने र त्यो जिम्मेवारी पूरा गर्ने आवश्यकता नै देखेनन्। विकास र समृद्धि पर्खेर बस्ने नेपालीको यही नै सबैभन्दा ठूलो दुर्भाग्य हो ।

अझै पनि हाम्रा विकास र समृद्धिका नीति र योजना कार्यान्वयनमा भन्दा कागजमा धेरै छन्। राजनीतिक दलैपिच्छे विकास र समृद्धिका आआफ्ना नीति र योजना छन् । चुनावैपिच्छे राजनीतिक दलका घोषणापत्रहरूमा यस्ता नीति र योजना बन्छन्। सरकार फेरिएपिच्छे विकास र समृद्धिका नयाँनयाँ नीति र योजना बन्छन् । नयाँ नीति र योजना बनेसँगै कार्यान्वयनमा जान लागेका र गइसकेका नीति र योजनाहरूलाई लत्याइन्छन्। नयाँ नीति र योजनाहरु कार्यान्वयनको चरणमा प्रवेश नगर्दै सरकार फेरिन्छ । अनि फेरि नयाँ नीति र योजना बनिन्छन् र पुरानालाई दराजमा थन्क्याइन्छन्। कुनै पनि योजना कार्यान्वयनको चरणमा प्रवेश गर्दा पनि कर्मचारीतन्त्रको कार्यसुस्तता र भ्रष्ट कार्यशैलीले त्यसलाई गतिहीन बनाइदिन्छ । त्यसमाथि राजनीतिक भागबन्डा र कमिसनको खेलले थप समय र स्रोत खाइदिन्छ । परिणामतः असल नीति र योजनाको पनि कार्यान्वयन कमसल भइदिन्छ र विकास र समृद्धिको सपना अधुरो र अपुरो बन्छ।

मन्त्री र नेताहरूले विकास र समृद्धिको कुरा गरिरहँदा र सन् २०२६ सम्म अति कम विकसित राष्ट्रबाट विकासशील राष्ट्रमा स्तरोन्नति हुने सपना बाँडिरहँदा यही देशका गाउँगाउँका जनताले अझै भोकै मर्नुपर्ने स्थिति छ। खोला वा नदीले बगाएर बेपत्ता हुनुपर्ने स्थिति छ। भीरबाट लडेर मर्नुपर्ने स्थिति छ। सामान्य रुघाखोकी लाग्दा पनि उपचार नपाएर असमयमा मर्नुपर्ने स्थिति छ । सुत्केरी व्यथा लाग्दा सुत्केरी हुन नसकेर मर्नुपर्ने स्थिति छ । पढ्न नपाएर शिक्षाको ज्योतिबाट वञ्चित हुनुपर्ने स्थिति छ । रोजगारी नपाएर बेकारी भई बस्नुपर्ने वा रोजगारीकै लागि घरखेत बन्धकी राखेर अथवा साहूसँग चर्को ब्याजमा ऋण लिएर बर्सेनि झन्डै ८ लाखको संख्यामा खाडी मुलुकतिर हानिनुपर्ने स्थिति छ। सानातिना आर्थिक तथा सामाजिक काम पर्दा पनि संघीय राजधानी नै धाउनुपर्ने स्थिति छ। यस्तै अवस्थाले गर्दा नेपालको विकास र समृद्धिका लागि अझै पनि हामीलाई अति कम विकसित मुलुकको हैसियतले प्राप्त हुने अन्तर्राष्ट्रिय सहयोगको आवश्यकता छ भन्दै विकासशील राष्ट्रमा स्तरोन्नति हुने लक्ष्यलाई थाँती राख्ने निर्णय गर्नुपर्ने बाध्यता छ सरकारलाई ।

देशका बहुसंख्यक जनताले गरिबी, अभाव र पछौटेपनको विषम परिस्थिति भोगिरहेको अवस्थामा अब हामीले केलाई विकास भन्ने र केलाई समृद्धि मान्ने ? उपत्यका र सहरवरपरका पहेँलपुर धान झुल्ने खेतहरूमा ठूल्ठूला घर बन्नु मात्रै विकास होइन। सहरमा ठूल्ठूला 'हाउजिङ' र 'अपार्टमेन्ट' बन्नु मात्रै पनि विकास होइन । सहरका सडकमा चिल्ला कार गुड्नु मात्रै विकास होइन। दुर्गम पहाडका जिल्लाहरूमा हिलो बाटोमा भरिया चिप्लेर लडिरहेको अवस्थामा काठमाडौंमा आठ लेनको सडक बन्नु मात्रै पनि विकास होइन। हुम्ला, जुम्ला र कर्णालीमा झोलुङ्गे पुल पनि नभएर तुइनबाट खोला-नदी पार गर्नुपर्ने अवस्थामा संघीय राजधानीमा फ्लाइओभर बन्नु मात्रै पनि विकास होइन । सडक बन्नु र फ्लाइओभर बन्नु नै विकास हो भने हाम्रो विकट कर्णालीका जनताले किन अझै आली-गरा र भीर-पहराहरूमा जोखिम मोल्दै हिँड्नु परिरहेछ ? आखिर किन पुग्न सकिरहेको छैन त त्यहाँसम्म सडक, पुल, झोलुङ्गे पुल अथवा फ्लाइओभर ?

देशका २०.३ प्रतिशत जनसंख्या गरिबीको रेखामुनि रहनु, केवल ३.८७ प्रतिशतको आर्थिक वृद्धिदर हुनु र देशको अर्थतन्त्र रेमिटेन्सले चल्नु अनि भूकम्पले भत्काएका पूर्वाधार र सम्पदाहरूको पुनर्निर्माणका लागि अझै पनि दातृनिकायको आस गरेर बस्नुपर्ने स्थिति समृद्धिको द्योतक हुन सक्दैन। वास्तवमा यी सबै समस्याबाट मुक्त नभएसम्म देशले विकास र समृद्धि हासिल गरेको मान्न सकिन्न । त्यसैले अबको सरकारले इमानदार र जवाफदेही बनेर कार्यक्षेत्रमा लाग्नुपर्ने अवस्था छ । 'सरकार प्रतिबद्ध छ' भनेर मात्रै पुग्दैन, त्यो प्रतिबद्धता पूरा गर्ने इच्छाशक्ति र दूरदर्शी नीति र योजना सरकारसँग हुनुपर्छ। त्यस्ता नीति तथा योजनाको प्रभावकारी कार्यान्वयनमा सरकार इमानदार र जवाफदेही हुनुपर्छ। सरकार, कर्मचारीतन्त्र र जनप्रतिनिधि इमानदार र जवाफदेही बने देशमा सुशासन कायम हुनेछ। सेवा प्रवाह छिटो, छरितो र प्रभावकारी बन्नेछ। नीति, कार्यक्रम र योजनाहरूको प्रभावकारी कार्यान्वयन हुनेछ । अनि नेपाली जनताले देखेको समृद्धिको सपना साकार हुनेछ। *(स्रोतः कारोबारदैनिक)*

# कारागारमा किताब



शोभा बजगाई

किताब किन पढ्नुपर्छ ? यसको उत्तर सबैका आ-आफ्ना होलान् । सायद मानिसको दैनिकी, जीवनशैली, भोगाइ, अनुभव र पेसा अनुसार पढ्ने पुस्तकको छनोट र रुचिको निर्धारण हुन्छ ।

औपचारिक शिक्षाका क्रममा पाठ्यक्रम भित्रका विषयप्रतिको रुचि लगभग अनिवार्य हुन्छ। परीक्षामा उत्तीर्ण हुनकै लागि, माथिल्लो तहमा स्तर उन्नति हुनकै लागि, अनि औपचारिक शिक्षाको प्रमाणपत्र ग्रहण गर्नको लागि । तर पाठ्यक्रम बाहिरका किताब, आफ्ना रुचिका किताब हामी कति पढ्छौं ? कतिको पढ्ने पहुँचमा छौं ? वा हामीलाई पढ्नुपर्ने विषयप्रति कतिको महसुस गराइएको छ ? यिनै कुराले हाम्रो पठन निर्धारण गर्छ । बाल्यकालदेखि नै पठन महत्वको बारेमा बालबालिकालाई बुझाउन र वातावरण निर्माणमा संवेदनशीलता वृद्धि गर्न सकियो भने यसले ज्ञान आर्जन, उत्पादन, प्रसारण, निर्माण र विनिर्माणमा ठूलो सहयोग पुऱ्याउँछ ।

यसो सोच्दा हामी किताबका कुरा कहाँ गर्छौं ?

विद्यालय, कलेज, चियाअड्डा वा कुनै पुस्तक समीक्षा/टिप्पणी भेला यस्तैयस्तै ठाउँमा। विशेष किताबका बारेमा छलफल गर्छौं। त्यस्ता अवसरहरूमा आफूले पढेका राम्रा किताब अरुलाई पढ्न सिफारिस गर्छौं । अरुले सिफारिस गरेका किताब मागेर/खोजेर/किनेर पढ्छौं । किताबले के दिन्छ ? किन पढ्छौं ? भन्ने सन्दर्भमा किताबका कुरा गर्न हामी झुम्का कारागार, सुनसरी पुग्यौं। जाने समूहमा सामाजिक अभियन्ता, संचारकर्मी तथा महिला अधिकारकर्मी थियौं । हामीसँग विभिन्न लेखकका १२० प्रति पुस्तक थिए। २/४ दिनको छोटो समयमा विभिन्न लेखकहरू, स्टेसनरी सञ्चालक तथा अन्य दाताहरूसँग सहयोग स्वरुप किताब माग्यौं । यसको एउटै मात्र उद्देश्य हामीलाई कारागारमा किताब पुऱ्याउनु थियो । यस कार्यमा सबैको सहयोग रह्यो ।

हामी कैदीबन्दीका हातमा किताब पुऱ्याउन आतुर थियौं । बाहिर ३६/३८ डिग्री तापक्रम थियो। कारागारभित्र दुईवटा ब्लक थिए ती पनि अग्लाअग्ला दिवालले छेकेकोले भित्र अझ गर्मीको अनुभूति भयो। तराईको गर्मी, कारागारभित्र मानिसको उकुसमुकुस र कैदीबन्दीको अनुहारमा पोखिएको पीडाको तापबाट हामी निःशब्द भयौं ।

कारागार परिसरभित्र हामीले कैदीबन्दीसँग किताबका कुरा गर्यौं । पठनको कुरा गर्यौं । जीवन र जगतको कुरा गर्यौं ।

ब्लक 'बी' का समिर तामाङ (नाम परिवर्तित) जो उमेरले २६ वर्षका भए । उनी कैदमा रहेको ६ वर्ष भयो । किताब पढ्न उनलाई मनपर्छ । किताब किन पढ्नुहुन्छ भन्ने प्रश्न गर्दा उनले भने, 'म आनन्दको लागि पढ्छु ।'

उनले हालसम्म ११०० हाराहारी पुस्तक पढेका छन्। बढी मात्रामा मानिसका जीवनीहरुमा उनको रुचि रहेकाले धेरै आत्मवृत्तान्त पढ्न मन पराउने बताए । पढ्न मन लागेको तर पढ्न नपाएको किताब कुनै छ भनेर सोध्दा, मुसुक्क हाँस्दै चिनियाँ दर्शनसँग सम्बन्धित किताब पढ्न मन लागेको बताए ।

प्लेटो र सुकरातको जीवनीले जिवनमा धेरै प्रभाव पारेको छ भन्दै हातमा बोकेको किताब सुम्सुम्याए । उनी त्यस ब्लकका लाइब्रेरियन समेत हुन् ।

...बाँकी पृष्ठ ३ मा

## संसदीय समितिको बहस

# विपद् व्यवस्थापनमा कानुनी समस्या भयो

समाज संवाददाता

हेटौंडाः बागमती प्रदेशको प्रदेश मामिला समितिको बैठकमा विपद् व्यवस्थापनका लागि कानुनी समस्या भएको विषय उठेको छ। बुधबार बसेको समितिको बैठकमा प्रदेश सभा सदस्यहरुले गत आर्थिक वर्षमा विपद् व्यवस्थापनमा भएका सरकारको कामको समिक्षा गर्दै कानुनी समस्या भएको निश्कर्ष निकालेका हुन् ।

बैठकमा प्रदेश सरकारको तर्फबाट आन्तरिक मामिला तथा कानुन मन्त्रालयका सचिव पूर्ण बहादुर दर्जीले गत आर्थिक वर्ष २०८०/०८१ मा विपद्का घटना, क्षति र प्रतिकार्यका पहलबारे जानकारी गराएका थिए । उक्त बैठकमा प्रदेश सरकारले लिएका विपद् व्यवस्थापनका योजना र प्रभावितलाई वितरण गरिने राहत रकम खर्च हुन नसकेको भन्दै प्रदेश सभा सदस्यहरुले प्रश्न गरेका थिए ।

उनीहरुले प्रदेश सरकारको बजेट खर्च नागरिक लक्षित हुनुपर्ने भन्दै विपद् व्यवस्थापनसँग सम्बन्धित कानुनहरु परिमार्जन गर्नुपर्ने औंल्याएका हुन् । बैठकमा प्रदेश सभा सदस्य युवराज चौलागाईले प्रदेश सभा सदस्यहरुको भूमिका निर्धारण गरी कानुनी रुपमा विपद् व्यवस्थापनका कामहरु अघि बढाउनुपर्ने बताउनुभयो । उहाँले विपद्को जोखिममा रहेका नागरिकहरुको बीमा कार्यक्रम संचालन गर्न सकेको खण्डमा सरकारको दायित्व केही कम हुने बताउनुभयो ।

बैठकमा प्रदेश सभा सदस्य प्रभात तामाङले नागरिक लक्षित कार्यक्रमहरु सरकारले ल्याउन नसकेको टिप्पणी गर्नुभयो । उहाँले विपद् जोखिमका घटना फरकशैलीको रहेको तर, मन्त्रालयले अरु नै ढंगबाट बजेट कार्यक्रम परिचालन गरेको बताउनुभयो । बजेट खर्चको सवालमा पनि मन्त्रालयले सही ढंगबाट काम गर्न नसेककाले प्रभावकारी योजना निर्माण गरेर अघि बढ्न जरुरी रहेको उहाँको भनाई छ। कानुनी समस्याका कारण विपद् प्रभावित नागरिकमा प्रदेश सरकारका कार्यक्रम पुग्न नसकेको र कानुन संशोधन टड्कारो देखिएको तामाङले बताउनुभयो ।

प्रदेश सभा सदस्य उद्धव थापाले जिल्ला जिल्लामा विपद् व्यवस्थापनका सामग्रीसहितको गोदाम घर राख्न जरुरी रहेको औंल्याउनुभयो । उहाँले विपद् व्यवस्थापनमा स्वयंसेवकहरुको परिचालनमा सरकारले जोड दिनुपर्ने बताउनुभयो । बैठकमा सम्बन्धित जिल्लाका प्रमुख जिल्ला अधिकारी (प्रजिअ) ले प्रदेश सरकारलाई महत्व नदिएको प्रदेश सभा सदस्यहरुले बताएका थिए । प्रजिअले महत्व नदिँदा विपद् व्यवस्थापनको काममा लक्ष्य अनुसारको उपलब्धी हासिल हुन नसकेको प्रदेश सभा सदस्यहरुको भनाई छ ।

संघीय सरकार मातहत रहेको प्रशासन कार्यालयले प्रदेश सरकारका कार्यक्रम कार्यान्वयनमा महत्व नदिँदा नागरिकहरुसम्म सेवा पुग्न नसकेको उनीहरुको भनाई छ। उनीहरुले स्थानीय तहलाई नै जिम्मेवार बनाएर विपद् व्यवस्थापनका कार्यक्रम अघि बढाउनुपर्ने बताएका छन् । प्रदेश सभा सदस्य प्रभात तामाङका अनुसार विपद् व्यवस्थापन अन्तर्गत राहत रकम संघीय सरकारले प्रशासन कार्यालय मार्फत् २ लाख रुपैयाँ उपलब्ध गराउँदै आएको छ । प्रदेश सरकारले प्रशासन कार्यालय मार्फत् विपद् व्यवस्थापन राहत अन्तर्गत एक लाख रुपैयाँ मात्र उपलब्ध गराउने व्यवस्था रहेको उहाँले बताउनुभयो ।

'प्रजिअले पहिलो त संघीय सरकारकै योजना कार्यान्वयन गर्छन्। उनीहरु संघीय सरकार मातहतका कार्यालय भनेर परिभाषित गरिएको छ । दोस्रो प्रदेशको रकम कम भएकाले उनीहरु चलाउन इच्छा नै जनाउँदैनन्। अर्को कुरा दोहोरो सुविधा हुन्छ भनेर उनीहरुको महत्वमा प्रदेशको कार्यक्रम नै पदैन', उहाँले भन्नुभयो, 'यसको जड भनेको कानुन हो । कानुनी समस्याका कारण प्रदेशको कार्यक्रम कार्यान्वयन र बजेट खर्च कम हुने गरेको छ । ऐन संशोधन गर्नु नै समस्याको हल हो ।'

प्रदेश सभा सदस्य इन्द्रबहादुर बानियाँले स्थानीय तहबाट नै विपद् व्यवस्थापनका कार्यक्रम कार्यान्वयन गर्नुपर्ने बताउनुभयो । प्रजिअहरुबाट प्रदेश सरकारको कार्यक्रम कार्यान्वयन झण्झटिलो र प्रभावकारी नदेखिएकाले स्थानीय तहलाई नै जिम्मेवार बनाउनुपर्ने उहाँले बताउनुभयो । उहाँका अनुसार नागरिकहरुलाई डेलिभरी दिने स्थानीय तहले नै हो । स्थानीय तहमा नै प्रदेशको विपद् व्यवस्थापनको बजेट पठाउन सके नागरिकको घरसम्म सेवा पुग्न सक्ने उहाँको भनाई छ। बैठकमा प्रदेश मामिलाका सभापति छिरिङ दोर्जे लामाले समितिले तयार गरेका प्रतिवेदनको समिक्षासहित काम अघि बढाउन निर्देशन दिनुभएको छ । विपद् व्यवस्थापन परिषद्मा भएको निर्णयहरु प्रदेश सभालाई जानकारी दिन र प्रदेशको आफ्नै विपद् पोर्टल निर्माण गरेर आम नागरिकहरुको पहुँचमा सूचना पुऱ्याउन मन्त्रालयले प्रभावकारी काम गर्न उहाँले निर्देशन दिनुभएको छ ।

### ऐन संशोधन प्राथमिकतामा: मन्त्री लामिछाने

आन्तरिक मामिला तथा कानुन मन्त्री सुरज चन्द्र लामिछानेले विपद् व्यवस्थापन, न्यूनीकरण र प्रभावितहरुको राहत, उद्दारमा प्रदेश सरकार गम्भीर रहेको बताउनुभएको छ। समितिको बैठकमा उठेका प्रश्नहरुको जवाफ दिनुहुँदै मन्त्री लामिछानेले विपद् व्यवस्थापनसँग सम्बन्धित कानुनहरु समयानुकुल नरहेको बताउनुभयो । उक्त ऐन संशोधन जरुरी देखिएकाले प्राथमिकताका साथ काम अघि बढाउन मन्त्रालयले काम गर्ने उहाँको भनाई छ । समितिले दिएका सुझाव र प्रतिवेदनहरु अध्ययन तथा समिक्षासहित ऐन संशोधन गर्न मन्त्री लामिछानेले निर्देशनात्मक अनुरोध गर्नुभएको छ ।

विपद् व्यवस्थापन परिषद् र विपद् व्यवस्थापन समितिको बैठक तत्काल राख्ने र आवश्यक निर्णयहरुसहित प्रदेश सभा तथा समितिलाई जानकारी गराउन संयन्त्र तयार गर्ने मन्त्री लामिछानेले बताउनुभयो । विपद् व्यवस्थापनका कार्यक्रम कार्यान्वयनमा गम्भिरताका साथ लाग्ने र पीडित तथा प्रभावितहरुको पक्षमा प्रभावकारी काम गर्ने उहाँले प्रतिवद्धता व्यक्त गर्नुभयो । उहाँका अनुसार विपद् व्यवस्थापनमा सम्बन्धित स्थानीय तह र जिल्लास्तरीय समितिहरुमा प्रदेश सभा सदस्यहरुलाई संलग्न गराउन पहल गरिने छ भने प्रदेशको विपद् व्यवस्थापन गोदाम घर परिचालनको अनुगमन तथा नियमनमा प्रदेश सभा सदस्यहरुको भूमिका निर्धारण गरिनेछ ।

## कारागारमा...

त्यस्तै अर्का कैदीबन्दी जो कर्तव्यज्यान सम्बन्धी कसुरमा कैद भुक्तान गरिरहेका थिए । उनी हाल ३४ वर्षका भए । ७ वर्षको ऊर्जाशील समय त्यही कारागारमा व्यतित गरिसकेका थिए । अझै १४ वर्ष कैद भुक्तान गर्न बाँकी रहेको कुरा सुनाए । यसो भनिरहँदा मेरो अनुहारमा केही संवेदना र आतेसका रेखाहरू देखें र उनले भने 'म अब पत्थर बन्नु छ ।'

मैले सोधें किन ?

'भोलि यहाँबाट निस्कंदा परिवार र समाजबाट हुने आक्रमण र अपराधीकरणबाट सहज रुपमा अवतरण गर्न किताब नै हो मेरो एकमात्र साथी' उनको जवाफ थियो ।

यति सुन्दा म प्रश्नविहीन भए । एकछिन मौनता छायो ।

मैले अहिले के पढिरहनुभएको छ भनेर थप प्रश्न गरें । युभल नोहा हरारीको 'सपियन्स' पढ्दै गरेको बताए ।

संविधान २०७२ को धारा २१ ले अपराध पीडितको हकलाई मौलिक हकको रुपमा सम्बोधन गरेको छ। जसमा अपराध पीडितलाई सामाजिक पुनर्स्थापना र क्षतिपूर्ति सहितको न्याय पाउने व्यवस्था रहेको छ। तर यथार्थमा कुनै पनि कसुरमा कैद भुक्तान गरेर फर्केका कैदीबन्दीहरुलाई हाम्रो समाजले पहिलाकै अस्तित्वमा स्वीकारेको छ त ? परिवार, आफन्त र समाजलाई उनीहरु माथि गुज्रेको मनोवैज्ञानिक क्षयको हिसाब थाहा छ त ? संवादकै क्रममा एक झलक संविधान सम्झें ।

हामीले मौनता भङ्ग गर्यौं । र पुनः गफिन थाल्यौं ।

उनी भन्दै थिए, 'हामीले जीवनभर अपराधी भइरहनुपर्ने कस्तो बिडम्वना हो ? निश्चित अपराधमा कानुनले तोकेको सजाय भुक्तान गरिसक्दा समेत हामी अपराधी नै हुन्छौं भने हामीले जीवन कहाँ गएर बिसाउने ?'

मसँग जवाफ थिएन। उनको अपेक्षा पनि मबाट जवाफ पाउने थिएन सायद । समानुभूतिको कनेक्सन थियो कि हामी बिचमा।

अन्त्यमा मैले सोधें असाध्यै पढ्न मन लागेको तर उपलव्ध नभएको किताब कुनै छ ?

अमेरिकी लेखक तथा वैज्ञानिक बेन्जामिर फ्रेकंलिनको आत्मकथा खुब पढ्न मन छ ।

मैले खोजिदिने वाचा सहित बिदा मागे ।

'शिव चौधरी (नाम परिवर्तित) ब्लक 'ए'का लाइब्रेरियन हुन् । ६ वर्षदेखि कैदी जीवन बिताइरहेका चौधरी भलिबल खेलाडी समेत हुन् । पूर्ण रुपमा सक्रिय जीवन बाँचेको दैनिकी सम्झंदा उनी एकाएक भावुक बने ।

उनको जवाफ थियो, 'जीवनक्रम आफ्नो गतिमा चल्ने रहेनछ भन्ने अब स्वीकार्न थालेको छु । यो स्वीकारोक्ति मलाई किताबले प्रदान गरेको हो ।'

कारागारभित्र पहिलाको तुलनामा किताब पढ्ने क्रम बढेको सुनाए। औसतमा दिनको २०/२५ जनाले किताब लाने गरेको र लगेका किताव बढीमा १० दिनमा बुझाउनुपर्ने नियम रहेको जानकारी पनि गराए। कारगारभित्र पत्रपत्रिका (गोरखापत्र, कान्तिपुर र ब्लाष्ट दैनिक) टिभी, खेलकुद र वाद्यवादनका सामग्री पनि उपलब्ध रहेकाले आ-आफ्नो इच्छा अनुसार मनोरञ्जन गर्ने परिपाटी रहेछ ।

भित्रका साथीहरूलाई देख्दा र कुरा सुन्दा त्यहाँ प्राविधिक शिक्षा (इलेक्ट्रिसियन, प्लम्बर) लगायतको तालिम सुविधा हुनुपर्ने लाग्यो । कैदीबन्दी समाजमा पुनर्स्थापना भएपछि कुनै पनि प्रकारको आयआर्जनको बाटो नहुने हुनाले यहींबाट सिपयुक्त जनशक्ति भएर निस्कन पाए कसैसँग निर्भर हुनुनपर्ने चौधरीको भनाइ थियो ।

सर्वप्रथम सन् १७९० मा अमेरिकाको पेन्सिलभेनिया रहेको वालनट स्ट्रिट जेलमा फिलाडेल्फिया जेल एसोसिएसनले किताब प्रदान गरेर कारागारमा पढाइको सुरुवात गरेको थियो। हाल अमेरिका, भारत, पाकिस्तान, अस्ट्रेलिया, नाइजेरिया लगायत मुलुकका कारागारमा पुस्तकालय छन्। नेपालमा पनि धेरै जिल्लाका कारागारमा पुस्तकालय छन्।

संवादकै क्रममा ब्लक 'ए'का अर्का कैदीबन्दीसँग कुरा गर्दै गर्दा पृष्ठभूमिमा पुस्तकालय थियो । उनी भन्दै थिए 'कारागारभित्र सबैभन्दा मनपर्ने ठाउँ यही हो । म अक्सर यही समय बिताउँछु । सात वर्षमा लगभग पाँच सय किताब पढें ।' उनले अब अमेरिकन लेखक स्वीट मार्डेनको 'पुसिङ टु द फ्रन्ट' र 'एन आइरन विल' पढ्न मन लागेको बताए ।

किताबले आफूमा ल्याएको तीन वटा परिवर्तनलाई क्रमागत रुपमा यसरी बताउँछन् उनी ।

पहिलो- जीवन र वरिपरिका सबै वस्तुलाई हेर्ने र त्यसप्रतिको दृष्टिकोण बनाउने तरिका बदलें ।

दोस्रो- लडेर थाक्न नहुने रहेछ । लड्नु हार्नु हैन भन्ने कुरालाई आत्मसात् गर्न सक्ने भएँ ।

तेस्रो- गितमा भएका गल्ती सहज रुपमा महसुस गर्न सक्ने भएको छु । स्वीकार्न र आफूलाई रुपान्तरण गर्न मलाई किताबले सिकायो ।

किताब किन पढ्नुहुन्छ ? उनको जवाफ यस्तो छ :

'पहिलो त म आत्मबल बलियो बनाउन पढ्छु । दोस्रो मानिसको जीवन विश्वविद्यालय हो । उनीहरूको जीवन पढ्नु जति ठूलो सिकाइ के मा छ र ! किताब जीवनको लय हो । एउटा लत हो । यही भएर पढ्छु ।'

यति भन्दै उनी मिलेका दाँत देखाउँदै अनुहारमा एउटा गहिरो आभा सहित मुस्काए।

सुनसरी घर भएका २६ वर्षीय करण (नाम परिवर्तित) कारागारमा ५औं वर्ष बिताइरहेका छन्। उनले कारागारमै ७० वटा किताब पढिसकेका छन् । किताब छानेर पढ्नुपर्छ भन्ने उनको मान्यता छ।

हाल उनी अमेरिकी लेखक जेम्स क्लियरको 'अटमिक ह्याबिट' पढिरहेका छन्। आगामी दिनमा कारागारभित्रै किताब लेख्ने सोच रहेको सुनाउँदै गर्दा उनको खुसी आँखामा छल्किरहेको आभाष हुन्थ्यो ।

सुनसरी कारागारमा दुई वटा ब्लकमा १ हजार ६२१ कैदीबन्दी छन्। त्यो अनौठो संसारमा त्यति नै कथा छन् जति कैदीबन्दी। त्यति नै वेदना र पीडाका फेयरिस्त छन् जति प्रमाणित कसुर। त्यति नै आफन्त वियोगको छटपटी छ जति भौतिक दूरी र त्यति नै धुमिल भविष्यका धुमिल सपना पनि छन् ।

कारागार कार्यालयका प्रमुख ध्रुबप्रसाद कोइरालाका अनुसार धेरै कैदीबन्दीलाई मानसिक समस्या छ । सबै भन्दा धेरै कर्तव्यज्यान र जबर्जस्ती करणीको कसुरका कैदी रहेको तथ्यांक छ। अनि यिनै कसुरमा लामो कारावास जीवन बिताउनुपर्ने हुन्छ । कैदीबन्दीसँग भएको दक्षता, सीप र इच्छाशक्तिलाई फैलने मौका दिनुपर्छ । माध्यम चाहे सिर्जना, संगित वा सिप होस् । यसले उनीहरूमा मानसिक समस्याको जोखिम कम गर्नुको साथै स्वाभिमानीपूर्वक जीवन बाँच्न सघाउँछ । *(स्रोतः अनलाईनखबर)*


**थाहा नगरपालिका भएर बग्ने त्रिबेणी खोला, पालुङ खोला, बाराही खोला, चल्ती खोला र आग्रा खोला तथा यिनका शाखा खोलाहरुको विभिन्न घाटहरुबाट दिगो तथा वातावरणमैत्री ढंगले नदिजन्य पदार्थ (ढुङ्गा/गिट्टी/बालुवा तथा गिर्खा) उत्खनन् तथा सङ्कलन कार्यको लागि प्रारम्भिक वातावरणीय परीक्षण (IEE) प्रतिवेदन तयारी सम्बन्धी सात (७) दिने सार्वजनिक सूचना**

*(प्रथम पटक प्रकाशित मितिः २०८१/०४/१७ गते)*

बागमती प्रदेश, मकवानपुर जिल्ला, थाहा नगरपालिका, थाहा नगरकार्यपालिका द्वारा निम्न बमोजिमको प्रस्ताव कार्यन्वयन गर्न लागिएको छ।

| | |
|---|---|
| **प्रस्तावकको नाम र ठेगाना** | थाहा नगरकार्यपालिकाको कार्यालय, इन्द्रायणी चौर, मकवानपुर,<br>ईमेलः *thahamunicipality@gmail.com*, info@thahamun.gov.np<br>फोन नं.: ०५७-४०००५६, ४०००० ६६, ४००००८६ |
| **प्रस्तावको व्यहोरा** | थाहा नगरपालिका भएर बग्ने त्रिबेणी खोला (वडा नं. २ र ३), पालुङ खोला (वडा नं. ५), बाराही खोला (वडा नं. ६), चल्ती खोला (वडा नं. ७) र आग्रा खोला (वडा नं. ८) को विभिन्न घाटहरुबाट दिगो तथा वातावरण मैत्री ढंगले नदिजन्य पदार्थ (ढुङ्गा/गिट्टी/बालुवा तथा गिर्खा) उत्खनन् / सङ्कलन कार्य |
| **प्रभाव पर्न सक्ने क्षेत्र** | मकवानपुर जिल्ला, थाहा नगरपालिका, वडा नं. २, ३, ५, ६, ७ र ८ |

माथि उल्लिखित प्रस्तावको वातावरणीय अययन प्रतिवेदन तयारी गर्ने क्रममा सो क्षेत्रहरुको भौतिक प्रणाली, साँस्कृतिक प्रणाली, जैविक प्रणाली, सामाजिक तथा आर्थिक प्रणाली, र साँस्कृतिक प्रणालीहरु के कस्तो सकारात्मक तथा नकारात्मक प्रभाव पर्दछ भनी यकिन गर्न थाहा नगरपालिका, २, ३, ५, ६, ७ र ८ वडा समिति, विद्यालय, स्वास्थ्य संस्था तथा सरोकारवाला व्यक्ति वा संघसंस्थाको लिखित रायसुझाव लिन आवश्यक भएकोले, वातावरण संरक्षण नियमावली, २०७७ को नियम ७ उपनियम २ (अनुसूची ९), (तथा थाहा नगरपालिका, सक्षिप्त वातावरणीय अध्ययन तथा प्रारम्भिक वातावरणीय परीक्षण कार्यविधि २०७८ को दफा ६ को उपदफा (३) तथा अनुसूची-८) बमोजिम यो सार्वजनिक सूचना प्रकाशित गरिएकोले, यो सूचना प्रकाशित भएको मितिले ७ (सात) दिनभित्र निम्न ठेगानामा आईपुग्ने गरी लिखित राय सुझाव उपलब्ध गराइदिनु हुन अनुरोध गरिन्छ।

**राय सुझावको लागि पत्राचार गर्ने ठेगानाहरु**

| प्रस्तावकको नाम र ठेगाना | परामर्शदाता |
|---|---|
| थाहा नगरकार्यपालिकाको कार्यालय,<br>इन्द्रायणी चौर, मकवानपुर, बाग्मती प्रदेश<br>**ईमेलः** *thahamunicipality@gmail.com*,<br>info@thahamun.gov.np<br>**फोन नं.:** ०५७-४०००५६, ४०००० ६६ | निकास ईन्जिनियरिङ्ग कन्सल्टेन्सी एण्ड रिसर्च सेन्टर प्रा.लि.,<br>काठमाण्डौ महानगरपालिका -१३, कलंकी,<br>**इमेलः** nikasengineering@gmail.com<br>**फोन नं.:** ९८६०१११९६८ |

सामुदायिक रेडियो,
रेडियो निकास
९३.४ मेगाहर्ज
सुनौं र सुनाऔं
रेडियो निकास ९३.४
हेटौंडा, मकवानपुर
The Voice of Community

सूचि दर्ता सम्बन्धी सूचना

*(सूचना प्रकाशित मितिः २०८१/०४/१७)*

भुटनदेवी माध्यमिक विद्यालय (प्राविधिक शिक्षालय) हेटौँडा-४, मकवानपुरलाई आ.व २०८१/०८२ का लागि आवश्यक पर्ने वस्तु/समान/परामर्श/सेवा आपूर्तिका लागि सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १८ अनुसार तपसिल अनुसारका कागजात संलग्न गरी यो सूचना प्रकाशन भएको मितिले २१ दिन भित्र कार्यालय समयमा सूची दर्ताका लागि तपसिल बमोजिमका कागजातहरु संलग्न गरी निवेदन पेश गर्न अनुरोध छ। तोकिएका कागजातहरु अपुग भएका निवेदनहरु स्वतः रद्ध हुने व्यहोरा समेत यसै सूचना मार्फत सूचित गरिन्छ।


**तपसिल**:

१. कम्पनी/संस्था/फर्म दर्ता प्रमाणपत्रको प्रतिलिपी (नवीकरण सहित) ।
२. स्थायी लेखा नम्बर (PAN) दर्ता प्रमाण पत्र, मूल्य अभिवृद्धि कर (VAT) दर्ता प्रमाणपत्र ।
३. करचुक्ताको प्रमाणपत्रको प्रतिलिपी ।
४. सूची दर्ता गराई पाउँ भन्ने व्यहोराको आधिकारिक पत्र ।

**प्रधानाध्यापक**
**भुटनदेवी माध्यमिक विद्यालय (प्राविधिक शिक्षालय)**
**हेटौँडा-४, मकवानपुर**

**हेटौंडा रिफरेन्स ल्याबरोटरी**

ELISA, CLIA **तथा फुल्लि अटोमेटेड मेसिनद्वारा रगतको स्पेसल जाँचहरु गरिन्छ ।**



Papcytology
-थाईराईड
-क्यान्सर
-रक्तअल्पता
-वाथरोग
-बाँझोपन
-भाइरस सम्बन्धी सम्पूर्ण परीक्षण गरिन्छ ।

साथै रगत, दिसा, पिसाब, पिप कल्चर समेत गरिन्छ ।

**(HRL)**

**खुल्ने समयः विहान ७:00 बजेदेखि बेलुका ७:00 बजेसम्म**

सञ्चालनको छोटो अवधिमै हाम्रो सेवालाई विश्वास गर्दै सेवा गर्ने अवसर दिनुहुने सम्पूर्ण सेवाग्राहीप्रति आभारसहित अब प्रत्येक महिनाको दोस्रो शनिबार सुगर जाँच निशूल्क र चौथो शनिबार थाइराइड जाँचमा ५0 प्रतिशत छुट हुने सहर्ष जानकारी गराउँदछौं।

थप जानकारीको लागि **HRL**

**हेटौंडा रिफरेन्स ल्याबरोटरी**

हेटौंडा-१, भिन्तुनापथ सम्पर्क फोन नं.: ०५७-५२०४५७

# काठमाडौं म्याराथनका लागि हेटौंडामा प्रशिक्षण



काठमाडौं म्याराथनमाका लागि हेटौंडाका खेलाडी प्रशिक्षणमा गर्दै ।

समाज संवाददाता

हेटौंडाः काठमाडौं महानगर पालिकाको दशरथ रंगशालमा हुन लागेको १६ औं काठमाडौं म्याराथन प्रतियोगिताका लागि ४६ जना खेलाडीहरु किकफिट सर्किट प्रशिक्षणमा सहभागी भएका छन्। आगामी असोज महिनाको १२ गतेबाट सुरु हुने काठमाडौं म्याराथन प्रतियोगितामा सहभागी हुने हेटौंडा उपमहानगरपालिका भित्रका ४६ जना खेलाडीहरु निःशुल्क किकफिट प्रशिक्षणमा सहभागी भएका हुन् ।

प्रशिक्षणमा सहभागी भएका खेलाडीहरुलाई मुख्य प्रशिक्षक राजाराम पोखरेलले प्रशिक्षण दिइरहनुभएको छ । प्रशिक्षक पोखरेलले साँझ साढे ५ बजेदेखि साढे ६ बजेसम्म प्रशिक्षण दिने गरेको बताउनुभयो ।

प्रशिक्षणमा सहभागी खेलाडीहरुलाई साताको ५ दिन प्रशिक्षण दिने र शनिबार हेटौंडाको क्याम्पाडाँडामा दौडाउने गरेको उहाँले बताउनुभयो । असार महिनाबाट सुरु गरेको किकफिट प्रशिक्षणमा हेटौंडा नगरभित्रका ५० जना खेलाडीहरु सहभागी भएका थिए । अहिले ४ जना खेलाडीहरु प्रशिक्षणमा सहभागी नभएको प्रशिक्षक पोखरेलले बताउनुभयो । प्रशिक्षणमा ३६ जना छात्रा र १० जना छात्र खेलाडीहरु सहभागी हुने गरेको उहाँले बताउनुभयो ।

भदौ महिनासम्म सञ्चालन हुने प्रशिक्षणमा ४६ जना खेलाडीहरुबाट २० जनालाई छनोट गरेर काठमाडौं पठाइने उहाँले बताउनुभयो । उहाँका अनुसार खेलाडीहरुले राम्रो प्रतिभा प्रस्तुत गरेमा र रुचि देखाएमा सहभागी सबै खेलाडीलाई छनोट गरेर काठमाडौं पठाइने पनि योजना रहेको छ ।

एनआरएस स्पोर्टस् फाउण्डेसनको आयोजना तथा इन्ड्राइभको सहकार्यमा हरेक वर्ष १२ वर्षभन्दा अधिक उमेर समूहका खेलाडीहरुलाई लक्षित गरेर प्रतियोगिताको आयोजना गर्ने गरेको उहाँले बताउनुभयो । खेलप्रति रुचि भएका र धावक बन्न इच्छा भएका खेलाडीहरुलाई लक्षित गरेर नेपालको ८ वटा सहरहरुमा किकफिट प्रशिक्षण सञ्चालन हुने गरेको छ । जसअन्तर्गत हेटौंडाका खेलाडीलाई प्रतियोगितामा सहभागी गराउनका लागि पोखरेलले नेतृत्व गरेर प्रशिक्षण दिइरहनु भएको हो ।

नेपालको काठमाडौं, पोखरा र पाटन महानगरपालिका, बुटवल र हेटौंडा उपमहानगरपालिका एवम् मध्यपुर थिमी र कीर्तिपुर नगरपालिकाका छात्रा र छात्र खेलाडीहरुको प्रतियोगितामा सहभागिता रहनेछ । गतवर्ष भएको १५ औं संस्करणको म्याराथन प्रतियोगितामा हेटौंडा उपमहानगरपालिकाबाट १५ जना खेलाडीहरु सहभागी भएका थिए । प्रतियोगितामा १३ जना छात्रा र २ जना छात्र खेलाडीहरु सहभागी भएको बताइएको छ ।

साताको ५ दिन सञ्चालन हुने प्रशिक्षणमा बालबालिका एवम् धावकलाई सम्भावित चोटपटकबाट बच्नका लागि सिकाउने गरिएको छ । प्रशिक्षणको माध्यमबाट खेलाडीहरुको मनोबल बढ्ने, स्वस्थ हुने, आत्मबल बढ्ने, प्रतिस्पर्धा गर्न सक्ने क्षमता बढ्ने तथा विभिन्न प्रकारको नकारात्मक कामबाट बच्ने प्रशिक्षक पोखरेलले विश्वास व्यक्त गर्नुभएको छ ।

# शिक्षक तालिमको अभिमुखीकरण

समाज संवाददाता

हेटौँडाः हेटौँडा-४ स्थित नवोदय शिशु सदन माविले स्थापना गरेको नवोदय इनोभेसन सेन्टरले सञ्चालन गर्ने १ वर्ष अवधिको प्राथमिक शिक्षक तालिम कार्यक्रमका सहभागीहरूलाई अभिमुखीकरण कार्यक्रम मङ्गलबार सम्पन्न भएको छ ।

अभिमुखीकरण कार्यक्रममा शिक्षक तालिमको उद्देश्य, आवश्यकता र प्रभाव बारे प्रस्तुति दिनुहुँदै नवोदय इनोभेसन सेन्टरका निर्देशक अव्यक्त खनालले भन्नुभयो, "हेटौँडालाई शैक्षिक हब बनाउने सपना बोकेर अघि बढिरहेका छौँ । यस यात्रामा शैक्षिक रूपान्तरण हाम्रो लक्ष्य हो ।' उहाँले विद्यालयका लागि आवश्यक सक्षम शिक्षक उपलब्ध गराउनका लागि एक वर्ष अवधिको तालिम कार्यक्रम सुरु गरिएको बताउनुभयो ।

१ वर्ष अवधिको डिप्लोमा कोर्स संयोजक रमिता दर्लामीले तालिम प्रशिक्षकहरूको परिचय गराउनुभयो । उहाँले शिक्षण पेशालाई मर्यादित पेशाको रूपमा स्थापित गराउने प्रयास भइरहेको बताउनुभयो। कार्यक्रममा सहभागीहरूलाई सहजीकरण गर्नुहुँदै तालिम प्रमुख नरेन्द्रकुमार नगरकोटीले शैक्षिक क्रान्तिको यात्रामा रहेको दावी गर्नुभयो । सहभागीहरूको अनुरोधबमोजिम यही साउन २२ गतेबाट नियमित रूपमा तालिम सञ्चालन हुने बताइएको छ ।

के तपाईं आफ्नो व्यवसायको विज्ञापन गरेर व्यावसायिक प्रवर्द्धन गर्न चाहनुहुन्छ ? यदि त्यसो हो भने सम्पर्क गर्नुहोस् ०५७-५२६८३०

# चन्द्रोदय माविले पायो बस



समाज संवाददाता

हेटौंडाः हेटौंडा-८, कमानेस्थित चन्द्रोदय माविले विद्यालय बस प्राप्त गरेको छ । बागमती प्रदेशको सामाजिक विकास मन्त्रालयले उपलब्ध गराएको बस विद्यालयलाई प्राप्त भएको विद्यालयका प्रधानाध्यापक जीधराज ढकालले जानकारी दिनुभयो ।

मंगलबार बस विद्यालयमा ल्याइएको छ । मन्त्रालयको शैक्षिक सुधारअन्तर्गत विद्यालय बस खरिद कार्यक्रमबाट विद्यालयलाई बस प्राप्त भएको हो । विद्यालयले गत आर्थिक वर्षको कार्तिक २२ गते सामाजिक विकास मन्त्रालयअन्तर्गतको शिक्षा विकास निर्देशनालयमा बस खरिदका लागि सम्झौता गरेको थियो ।

४१ सिट रहेको टाटा कम्पनीको बस खरिदका लागि मन्त्रालयले २४ लाख ९५ हजार रुपैयाँ उपलब्ध गराएको प्रधानाध्यापक ढकालले बताउनुभयो । उहाँका अनुसार उक्त बस वडा नम्बर ७, ८ र १५ का रुटमा सञ्चालन गरिनेछ । यसअघि भाडामा चलाइरहेको बसलाई विस्थापन गर्ने र अहिलेको नयाँ बस उक्त रुटमा सञ्चालन गर्ने उहाँले बताउनुभयो ।

विशेषतः साना कक्षाका विद्यार्थीका लागि प्राथमिकता दिएर बस सञ्चालन गरिने उहाँको भनाइ छ । बस सञ्चालन भएपछि साना कक्षामा विद्यार्थीको संख्या बढ्ने उहाँले दावी गर्नुभयो । कक्षा १२ सम्म अध्ययन अध्यापन हुने विद्यालयमा १ हजार १ सय विद्यार्थी अध्ययनरत छन् ।

# बकैयाले किसानलाई अनुदान दिने

समाज संवाददाता

हेटौंडाः मकवानपुरको बकैयाँ गाउँपालिकाले किसानलाई खेतीमा प्रोत्साहन गर्न अनुदान दिने भएको छ । बुधबार एक सूचना जारी गर्नुहुँदै गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत महेश श्रेष्ठले पालिकाले किसानलाई खेती प्रोत्साहनस्वरुप अनुदान रकम दिने बताउनुभयो ।

पालिकाको चालु आर्थिक वर्षको लागि स्वीकृत कार्यक्रमअन्तर्गत कोदो, फापर र सेतो सिमीमा अनुदान दिने भएको हो । कोदोमा १० प्रतिशत, फापरमा २० प्रतिशत र सेतो सिमीमा १० प्रतिशत अनुदान दिने श्रेष्ठले बताउनुभयो । किसानहरुलाई भदौ १२ गतेभित्रमा आवेदन दर्ताका लागि समय दिइएको उहाँले बताउनुभयो ।

किसानहरुले आफ्नो उत्पादन बिक्री गर्दा पालिकाले उक्त अनुदान रकम उपलब्ध गराउने छ । किसानहरुको उत्पादनलाई बजार दिन पालिकाले समन्वय गर्ने पनि श्रेष्ठले बताउनुभयो । यसले गर्दा किसानहरुले आफ्नो उत्पादनको उचित मूल्य पाउने उहाँको भनाइ छ ।

यसका लागि पालिकाले ५ लाख रुपैयाँ बजेट विनियोजन गरेको छ । किसानहरुको उत्पादन बढि भएमा र त्यो रकमले अनुदान दिन नपुगेको खण्डमा पछि कार्यपालिकाको बैठक बसेर थप रकम उपलब्ध गराउने पनि उहाँले बताउनुभयो । पालिकामा चालु आर्थिक वर्षमा कृषि तथा पशु शाखाका लागि ३ करोड रुपैयाँ बजेट विनियोजन भएको छ ।

# एक्कासी बेहोस भएकी सीताको मृत्यु, राम मृत भेटिए

समाज संवाददाता

हेटौँडाः चितवन जिल्लाको खैरहनी नगरपालिका-४, चैनपुरमा एक जना महिलाको मृत्यु भएको छ । मृत्यु हुनेमा रत्ननगर नगरपालिका-१२ सालघारी बस्ने ३८ वर्षीया सीता लामा रहेको बागमती प्रदेश प्रहरी कार्यालय हेटौँडाले जानकारी दिएको छ ।

मंगलबार वेब सिजर जेनेतन कम्पनीमा प्लाष्टिक सफा गर्ने कामदार लामा एक्कासी बेहोस भएकी थिईन् । लामालाई उपचारका लागि स्थानीय बकुलहर हस्पिटल टाँडीमा लैजाँदै गर्दा बाटोमा नै मृत्यु भएको प्रहरीले जानकारी दिएको छ । यस्तै दोलखा जिल्लाको भिमेश्वर नगरपालिका-६, बिमिरेमा एक जना पुरुष मृत फेला परेका छन् । मृत फेला पर्नेमा ६० वर्षीय राम बहादुर तामाङ रहेको बागमती प्रदेश प्रहरी कार्यालय हेटौँडाले जानकारी दिएको छ ।

मंगलबार बेलुका ७ बजेर ५० मिनेटको समयमा तामाङ आफ्नै घरदेखि पर घम्मिङस्थित पानीको कुलोमा मृत अवस्था फेला परेका थिए । मुचुल्का पश्चात शव पोष्टमार्टमका लागि पशुपती चौलागाईं स्मृति अस्पताल चरिकोट दोलखा लगिएको प्रहरीले जानकारी दिएको छ ।

# स्वच्छता सामग्री वितरण

समाज संवाददाता

हेटौंडाः मकवानपुरगढी गाउँपालिका-३, मक्रान्चुलीस्थित भानु माध्यमिक विद्यालयमा स्थर बेन्जामिन मेमोरियल फाउण्डेसनले स्वच्छता सामग्री वितरण गरेको छ। बुधबार फाउण्डेसनले विद्यालयमा रहेका ५ सय ५० जना विद्यार्थीहरुलाई स्वच्छता सामग्री वितरण गरेको विद्यालयका प्रधानाध्यापक राजेन्द्र थापाले जानकारी दिनुभयो ।

फाउण्डेसनले प्याड, सावुन, जग, मन्जन आदि आवश्यक सामग्री वितरण गरेको छ । फाउण्डेसनले गत असार महिनामा बालमैत्री शौचालय बनाउनका लागि १० लाख रुपैयाँ प्रदान गरेको थियो । फाउण्डेसनको अनुसार नै विद्यालयले शौचालय निर्माण गरेको प्रधानाध्यापक थापाले बताउनुभयो ।

कार्यक्रममा विद्यालय व्यवस्थापन समितिका अध्यक्ष खिलप्रसाद चौलागाई तथा गाउँपालिकाका प्रमुख दोर्जे लामा स्याङ्तान प्रमुख आतिथ्य रहेको थियो । कार्यक्रममा मकवानपुरगढी गाउँपालिका ३ का वडा अध्यक्ष भागवत घिमिरे, शिक्षा शाखा प्रमुख रामबहादुर घलान र स्थर बेन्जामिन फाउण्डेसनका केन्द्रीय उपाध्यक्ष उमा तिमल्सिनाको उपस्थिति रहेको थियो ।

# दिव्यसेवा निकेतनमा कर्मचारी संगठनको सहयोग



सहयोग रकमको चेक हस्तान्तरण गरिँदै ।

समाज संवाददाता

हेटौँडाः नेपाल निजामती कर्मचारी संगठन जिल्ला कार्यसमिति मकवानपुरले पेशागत आन्दोलनको क्रममा मृत्यु भएका मनोज-झपेन्द्र-सुरेन्द्र स्मृति दिवस २०८१ को सन्दर्भमा सप्ताहव्यापी कार्यक्रम सुरु गरेको छ। सप्ताहव्यापी कार्यक्रमअन्तर्गत बुधबार हेटौँडा-१५, रातोमाटेस्थित दिव्यसेवा निकेतन ज्येष्ठ नागरिक आश्रयस्थलमा आश्रितका लागि एक दिनको खानाको व्यवस्था गरेको छ । एकदिनको खानाका लागि संगठनले १० हजार रुपैयाँ सहयोग गरेको छ ।

सहयोग रकम हस्तान्तरण कार्यक्रममा नेपाल निजामती कर्मचारी संगठन बागमती प्रदेश कमिटीका पदाधिकारीको उपस्थिति रहेको थियो । नेपाल निजामती कर्मचारी संगठन मकवानपुरका अध्यक्ष यादविन्द्र पौडेलको सभाध्यक्षता एवम् आश्रमका केन्द्रीय सल्लाहकार अनिल सिंह कार्कीको प्रमुख आतिथ्यमा कार्यक्रम भएको हो ।


## शोरुम सरेको सूचना



हेटौँडा-१०, मेनरोडस्थित चित्र भवनमा रहेको Aprilia र Vespa ब्राण्डको स्कुटर शोरुम हेटौँडा-४, मेनरोडस्थित सुमार्गी कम्प्लेक्समा सरेको हुँदा सम्पूर्ण सेवाग्राहीमा जानकारीका लागि अनुरोध गरिन्छ ।

RS Lifestyles
हेटौंडा-१०, सुमार्गी कम्प्लेक्स
९८०२९८८७६०



## सर्पले डसेमा ध्यान दिनुपर्ने कुराहरु

- सर्पले डसेका न्यक्ति आत्तिन सक्छन्, सान्त्वना दिऔं,
- आफ्नो नजिक सर्पदंश उपचार केन्द्र कहाँ छ ? जानकारी राखौं ।
- सर्पले डसेका न्यक्तिलाई तुरुन्त अस्पताल वा सर्पदंश उपचार केन्द्र पुऱ्याऔं,
- सवारी साधनमा घाइतेलाई बसाएर सर्पले टोकेको ठाउँलाई मिलेसम्म मुटुको सतहभन्दा तल पारी लैजाऔं,
- झारफूक लगायतका गलत परम्परागत उपचार विधितिर नलाऔं ।

नेपाल सरकार
विज्ञापन बोर्ड